# बेलकोटगढी नगरपालिकाको आर्थिक सहायता, औषधी उपचार खर्च र पुरस्कार व्यवस्थापन गर्ने सम्बन्धि कार्यविधि २०७५

प्रस्तावना:

नेपालको संबिधानको मौलिक हक दफा ३५ र स्थानिय सरकार संचालन ऐन २०७४ को दफा १०२ अनुरुप बेलकोटगढी नगरपालिकाको नगर क्षेत्रभित्रका नागरिकहरुलाई क्यान्सर, मृगौला रोग, प्यारालाइसिस, मुटुरोग जस्ता घातक रोग लागेका विरामीलाई औषधी उपचार खर्च र पुरस्कार व्यवस्थापन गर्नको लागि बेलकोटगढी नगर कार्यपालिकाले मिति २०७५/०२/३१ मा यो कार्यविधि स्वीकृत गरि जारी गरेको छ।

प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ :

(१) यस कार्यविधिको नाम "बेलकोटगढी नगरपालिकाको आर्थिक सहायता औषधी उपचार खर्च र पुरस्कार व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि २०७५" रहेको छ।

(२) यो कार्यविधि तुरुन्त लागु हुनेछ।

२. परिभाषा:

१. विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा रोग भन्नाले क्यान्सर, मृगौला रोग, प्यारालाइसिस, मुटुरोग र अन्य घातक रोगहरुलाई लाई सम्झनु पर्दछ।

२.नियम बनाउने अधिकार नेपालको संबिधान तथा स्थानिय सरकार संचालन ऐन २०७४ बमोजिम नगरपालिकाले आफ्नो कार्य गर्न बेलकोटगढी नगर कार्यपालिकाले आवश्यक नियम बनाउन सक्नेछ।

३.उपदफा २ मा जुनसुकै कुरा लेखिएको भएता पनि प्रदेश र संघ संग बाझिएको हकमा स्वत खारेज हुनेछ।

४.निर्देशिका, कार्यविधि र मापदण्ड बनाउन सक्ने संबिधान तथा स्थानिय सरकार संचालन ऐन २०७४ को अधिनमा रहि बेलकोटगढी नगरपालिकाले आवश्यकता अनुसार निर्देशिका कार्यविधि र मापदण्ड बनाई लागु गर्न सक्नेछ।

५.क्यान्सर, मृगौला रोग, प्यारालाइसिस, मुटुरोग र अन्य घातक रोग लागेका विरामीलाई वडा कार्यालयको सिफारिशको आधारमा औषधी उपचारको विल भर्पाई हेरी रु पांच हजार देखि पचास हजार सम्म औषधी उपचार खर्च उपलब्ध गराउन सकिनेछ।

६. नगरपालिकाको सेवा प्रवाहमा प्रभावकारिता ल्याउन विभिन्न समिति र समुहलाई (न.पा कार्यालय र वडा कार्यालयहरु, कृषि, शिक्षा, पशु सेवा आदि) मुल्यांकनको आधारमा प्रोत्साहन स्वरूप पुरस्कारको रुपमा रु तिन हजार देखि पन्ध्र हजार सम्म पुरस्कार रकम उपलब्ध गराउन सकिनेछ।

७.यो कार्यविधि बन्नु भन्दा पहिले कार्यपालिका बैठकबाट निर्णय भई उपलब्ध गराईएको औषधी उपचार खर्च यसै कार्यविधि वमोजिम वितरण भएको मानिनेछ।